# नबी सल्लल्लाहो अलैहे वसल्लम माथि दरूद र सलाम पठाउनुको वर्णन

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

2014 - 1435

IslamHouse.com

# الصلاة والسلام على النبي ﷺ

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले रसूल सल्लल्लाहो अलैहे वसल्लम माथि दरूद र सलाम पठाउने विधि र इस्लामीय तरिका प्रस्तुत गरेको छु, साथै यस कार्यको श्रेष्ठतालाई पनि प्रमाणको साथ प्रष्ट पार्ने प्रयास गरेको छु । आशा छ कि यो किताब तपाईहरूलाई सुन्नतको तरिका बमोजिम उहाँमाथि दरूद र सलाम पठाउनुमा सहायता प्रदान गर्नेछ, र मेरो मुक्तिको कारण पनि बन्नेछ ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

लेखक
अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा
तौलिहवा कपिलवस्तु नेपाल
मो.नं. ००९७७–९८४७०३०७८०
**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

हाम्रो देश नेपालमा मुसलमानहरूको संख्या धेरै नभए तापनि मुसलमानहरू त अवश्य छन्, र उनीहरूलाई गैर मुस्लिम समुदायले पनि महत्व दिन्छ, चाहे त्यो निर्वाचनको समयमा किन नहोस् । र मस्लिमहरूको चाँडपर्वमा कतिपय गैर मुस्लिमहरू सहभागी पनि हुन्छन् जस्तो कि हामी हेर्दै आएका छौं ।

तर हाम्रो मुस्लिम समाजमा अनभिज्ञताको कारण केही कुरीति र पारम्परिक तथ्यहरू अझैं बाँकी छन् तर कोही पनि त्यस कुरीतिबारे यो अनुसन्धान गर्दैन कि ती तथ्यहरू सही छन् कि छैनन् । र यदि केहीले प्रयास पनि गरेका देखापरे छन् भने उनको कुराको विरोध गरिन्छ र उनीहरूको सत्य कुरालाई मान्न केही त्यार नै हुन्न । किनकि जुन कार्यहरू पुस्ता दर पुस्ता युगौंदेखि गरिदै आएका छन् त्यसलाई छाड्न चाहदैनन् ।

त यिनै विषयहरू मध्ये एउटा विषय हो मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम माथि दरूद र सलाम पठाउनु । हाम्रो समाजमा यो राम्रो र शुभ कार्य पनि अशुभ र नराम्रो तरिकाले गरिन्छ जुनकि इस्लामीय विधान अनुसार जायज ( वैध ) छैन । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : अर्थ : जसले कुनै यस्तो कार्य गऱ्यो जसलाई गर्ने हाम्रो हुकुम छैन त त्यसको त्यो कार्य अस्वीकार्य छ । ( बुखारी, मुस्लिम )

त हामीलाई चाहियो कि हामी कुनै पनि कार्यलाई त्यसै तरिकाले गरौं जुन तरिकाले गर्ने आदेश छ । यदि हामी आफ्नो तर्फबाट कुनै आर्को तरिकाले गर्छौं भने यसैलाई अरबी भाषामा बिदअत भन्छन् जसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : प्रत्येक नौलो अविष्कृत कार्य बिदअत हो । ( बुखारी ) र आर्को हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथन छ :

अर्थ : प्रत्येक बिदअत पथभ्रष्टता हो, र प्रत्येक पथभ्रष्टता नर्कतिर लग्ने छ । ( सुनने नेसाई )

हाम्रो समाजमा यो शुभ कार्य त गरिन्छ तर कतिपय जना यसलाई गलत तरिकाले गर्छन् जस्तोकि बरैलवीहरू गर्छन् । र तरिका मात्र भिन्न छैन बरु आफैले मिथ्या मन्त्र बनाएर त्यसको जाप गर्छन् । र बरैलवीहरू प्रत्येक नमाज अघि पछि अजान अघि पछि ठूलो स्वरमा सामूहिक तरिकाले दरूद र सलामको आयोजना गर्छन् जुनकि सरासर गलत हो । यसकुरालाई इन्शाअल्लाह अगाडि सिद्ध गर्नेछु, तर अहिले दरूद सलामको बारेमा केही विशुद्ध जान्कारी प्राप्त गरौं ।

# दरूद सलाम पठाउनुको श्रेष्ठता

दरूद र सलाम पठाउनुको अर्थ हो रसूल सल्लल्लाहो अलैहे वसल्लम माथि अल्लाहको कृपा र शान्तिको याचना गर्नु ।

अल्लाह तआलाको आदेश छ :

अर्थ : अल्लाह र उसका फरिश्ताहरू यस नबीमाथि रहमत (सलाम-शान्ति) पठाउँदछन् । हे ईमानवालाहरू तिमी पनि उनीमाथि धेरै सलाम र दरूद पठाउने गर । ( सूरतुल् अहजाब ५६ )

यस श्लोकबाट यस कार्यको श्रेष्ठता प्रष्ट भइहाल्छ र यसमा कुनै संदेह बाँकी रहदैन कि यो इस्लामीय कार्यहरू मध्ये एउटा उत्कृष्ट कार्य हो ।

र यस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लम माथि बिना दरूद र सलाम पठाइकन् नमाज नै पूर्ण हुँदैन र यो कुरो सबै आस्थावानहरूलाई राम्ररी थाहा छ यसलाई प्रष्ट पार्नुको मलाई अवश्यकता देखिदैन । तर यसको अर्थ यो होइन कि नमाज नै हुन्न बरु नमाज त हुन्छ तर त्यसमा कमी रहन्छ किनकि यसलाई नमाजमा पढ्नु स्वयम् रसूल सल्लल्लाहो अलैहे वसल्लम र सहाबाबाट प्रमाणित छ, तर यसलाई पढनु अनिवार्य छैन जस्तोकि अरु नमाजका सुन्नतहरू छन् त्यसलाई गरेमा अति राम्रो हुन्छ नत्र नमाज त भइहाल्छ तर पूर्णरूपले रसूल सल्लल्लाहो अलैहे वसल्लमको तरिकामा नहुने कारणले त्यसमा केही कमी रहन्छ । र यो नै अधिकतम विद्वानहरूको भनाई र सहमति हो । ( नैलुल् अवतार २/३२१, फतहुल् कदीर ४/३०१ )

र दरूद सलाम पठाउनुको श्रेष्ठता माथि थुप्रै हदीसहरू वर्णन छन् जसमध्ये केहीलाई तपाईहरूको समक्ष राख्दछु ।

१- अर्थ अबूहुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जसले ममाथि एक चोटि दरूद पठाउँछ अल्लाह त्यसमाथि दशपटक आफ्नो कृपा अवतरित गर्नेछ । ( मुस्लिम )

२- अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जसले ममाथि एक पटक दरूद पठाउँछ अल्लाह त्यसका दश पापहरूलाई क्षमा गर्छ र तयसको श्रेणीमा दशगुणा बढोत्तरी गर्छ । ( अहमद )

३- अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: सबैभन्दा ठूलो कञ्जूस त्यो हो जसको सामुन्ने मेरो नामको चर्चा गरियोस् अनि त्यो ममाथि दरूद नपठाओस् । ( तिर्मिजी )

४- अर्थ: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: हे मेरा अनुयायीहरू ममाथि दरूद पठाउँदै गर्नु । ( नेसाई )

५- अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : जुन ममाथि धेरै दरूद पठाउनेवाला हुन्छ त्यो प्रलयको दिन मसित सबैभन्दा समीप्यता वाला हुनेछ । ( तिर्मिजी )

६- अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ: त्यस मान्छेको विनाश होस् जस समक्ष मेरो नामको चर्चा गरियो अनि तयसले ममाथि दरूद सलाम पठाएन । ( तिर्मिजी )

७- अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: मेरो चिहानलाई उत्सवको ठाउँ नबनाउनु र ममाथि दरूद सलाम पठाउँदै गर्नु किनकि तिमीहरू जहाँ भएपनि मलाई तिमीहरूको सलाम पुऱ्याइन्छ। ( अबूदाऊद )

र यस जस्ता अरु थुप्रै हदीसहरू वर्णन छन् जसबाट यस कार्यको श्रेष्ठता प्रमाणित हुन्छ। उपारेक्तका हदीस वर्णन गर्ने मेरो उद्देश्य यस कार्यको श्रेष्ठता प्रमाणित गर्नु मात्र हो नकि हदीसहरूलाई संग्रह गर्नु, त मेरो उद्देशय पूर्ण भए जस्तो मलाई लाग्छ।

र दरूद सलामका प्रमाणित शब्दहरू पनि थुप्रै छन् तर जुन सर्वप्रिय र सर्वमान्य छ जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्ना साथीहरूलाई विशेषरूपले सिकाएका थिए र तयो दरूदे इब्राहीमी हो जसको सर्वोत्कृष्टता माथि कसैको पनि मतभेद छैन र त्यो दरूदे इब्राहीमी यो हो :

“अल्लाहुम्मा सल्ले अला मुहम्मदिँवअला आले मुहम्मद, कमा सल्लैता अला आले इब्राहीमा इन्नका हमीदुम्मजीद, अल्लाहुम्मा बारिक अला मुहम्मदिँवआला आले मुहम्मद, कमा बारकता अला इब्राहीमा इन्नका हमीदुम्मजीद”। ( बुखारी, मुस्लिम )

अर्थ : हे अल्लाह मुहम्मद माथि र उहाँका घरपरिवार माथि त्यस्तै कृपा र शान्ति अवतरित गर जस्तो कि इब्राहीमका परिवार माथि अवतरित गऱ्यौ, नि:संदेह तिमी अति प्रशंसनीय प्रतिष्ठित छौं, र हे अल्लाह मुहम्मद र उहाँका परिवारमाथि त्यस्तै कल्याण र दयाको अवतरण गर जसरी इब्राहीमका

परिवारमाथि गरेको थियो निःसन्देह तिमी अति प्रशंसित र प्रतिष्ठित छौ ।

यो दरूदे इब्राहीमी हो जुन हदीसका समस्त ग्रनथहरूमा केही फरकको साथ उल्लेख छ । र यो नै त्यो दरूद हो जसलाई पढने रसूल सल्लल्लाहो अलैहे वसल्लमले आदेश गर्नु भएको छ र यसै दरूदलाई सहाबाहरूलाई सिकाउनु भएको थियो, जस्तोकि हजरत अबूहुरैरह, हजरत कअब, हजरत अबू हुमैद अस्साअदी, हजरत इब्ने मसऊद, तलहा बिन उबैदुल्लाह रजिअल्लाहु अन्हुम अजमईनले अआफ्ना वर्णन गरेका हदीसहरूमा प्रष्ट पारेका छन् ।

त म आफ्ना दाजुभाइ दिदीबहिनीहरू सित यो नै अनुरोध गर्छु कि यसै दरूदलाई कण्ठ गरी यसैको जाप गर्नुस् यसैमा तपाईको कल्याण नीहित छ ।

# कुन कुन समय दरूद र सलाम पठाउनु राम्रो मानिन्छ

❁ नमाजको अन्तिम तशह्हुद (बैठक)मा बस्दा दरूद पढनु जरूरी मानिन्छ तर अनिवार्य छैन। जस्तोकि इमाम मुस्लिमले वर्णन गरेको हदीसमा उल्लेख छ कि " रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गर्नुको लागि एउटा सहाबीलाई उपदेश दिनु भएको थियो "( मुस्लिम )
र यस हदीसलाई इब्ने मसऊदले वार्णन गर्नु भएको छ।

❁ जनाजाको नमाजमा दोस्रो तकबीर पश्तात यसलाई पढनु जरूरी छ।

❁ मुवज्जिनको अजान समाप्त भए पश्चात दरूद सलाम पठाउनु राम्रो मानिन्छ। जस्तो कि मुस्लिमको हदीसमा वर्णन छ कि :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जब तिमी मुवज्जिनको अजान सुन त त्यही भन जुन त्यो भनिराखेको छ, अनि ममाथि दरूद पठाऊ। ( मुस्लिम )

❁ याचना गर्नु भन्दा अघि। रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : समस्त याचनाहरू स्वीकृतिबाट बंचित हुन्छन् यहाँसम्म कि दरूद पठाइयोस्। ( अल् मुन्तका लेइब्ने मुखल्लद, यो हदीस हसन दर्जा सम्म पुग्छ )

❁ मस्जिदमा प्रवेश गर्ने समय र निकल्ने समय। ( नेसाई )

❁ रसूल सल्लल्लाहो अलैहे वसल्लमको चर्चा आएमा । ( अहमद )

❁ भेला भएको ठाउँमा । ( तिर्मिजी )

❁ विशेषरूपले जुमआको दिन । ( अहमद )

❁ प्रातःकाल र दिउँसोको समय । ( तब्रानी )

❁ प्रत्येक नमाज पश्चात । ..... आदि

उपरोक्तका समयहरूमा विशेषरूपले रसूल सल्लल्लाहो अलैहे वसल्लम माथि दरूद पठाउनुको प्रधानता हदीसहरूबाट प्रमाणित छ । तर कुनै समय र क्षण पनि उहाँ सल्लल्लाहो अलैहे वसल्लम माथि दरूद सलाम पठाउन सकिन्छ यसको लागि कुनै बन्देज छैन ।

# दरूद र सलाम पठाउनुका केही लाभहरू

❁ यसबाट अल्लाहको र अल्लाहका रसूलको अनुशरण गर्नु बोध हुन्छ ।

❁ एकचोटि दरूद पठाएमा दश पुण्य मिल्छ, र अल्लाहको दया एवं कृपाको प्राप्ति हुन्छ, र दश पाप नष्ट हुन्छन्, र दशगुणा मान्छेको श्रेणीमा बढोत्तरी हुन्छ ।

❁ याचना गर्नुभन्दा अघि रसूल सल्लल्लाहो अलैहे वसल्लम माथि दरूद पठाएमा याचना कबूल हुनुको अधिक सम्भावना हुन्छ ।

❁ रसूल सल्लल्लाहो अलैहे वसल्लमको शिफाअत अवश्य मिल्ने छ ।

❁ दरूद पठाएमा बरकत ( अनुकम्पा )को अवतरण हुन्छ ।

❁ धन सम्पत्ति र सन्तानमा वृद्धि हुन्छ । .... आदि

अब कुरा गरौं त्यस बारेमा जसलाई वर्णन गर्ने आरम्भमा नै कुरा गरेका थिएँ र त्यो विषय हो ठूलो स्वरमा वा सामूहिक तरिकाले दरूदको जाप गर्नु । वा अजान अघि अथवा पछि ठूलो स्वरमा दरूद पढनु ।

विशेषरूपले हाम्रो समाजमा यो तरिकाले वरैलवीहरू गर्छन् अर्थात सामूहिक वा ठूलो स्वरमा दरूद पढने तरिका वरैलवीहरूमा कथितरूपमा देखा परेको छ । तर यस तरिकाको कुनै प्रमाण छैन नत यस्तो कुनै सहाबीले नै गरेका छन्, नत कुनै ताबईनले नै गरेका छन् बरु यिनीहरूले यसलाई आफै रचेका छन् । यदि यस्तो गर्नु कुनै पुण्यको कार्य हुन्थ्यो भने एउटा मुसलमान यो सोच्न सक्दैन कि सहाबाहरू

यस्तो तरिकालाई छाडथे बरु ती सबै तरिकालाई यनीहरूले अपनाएका थिए जसमा रत्ती बराबर पनि पुण्य मिल्ने आशा हुन्सक्छ । तर हदीसमा त यो देखिन्छ कि "एक दिन रसूल सल्लल्लाहो अलैहे वसल्लम मस्जिदमा प्रवेश गरे त हेर्छन् कि एक समूह नमाज पढिराखेको छ र आर्को समूह उच्चस्वरमा कुरआनको पाठ गरिराखेको छ, त उहाँले भन्नु भयो: हे मान्छेहरूको समूह सबै आफ्नो पालनकर्तासित कुराकानी गरिरहेका छौ तसर्थ एकआर्का माथि कुरआनलाई उच्चस्वरमा पाठन नगर" । ( मुस्नद अहमद )

हेर्नु भयो रसूल सल्लल्लाहो अलैहे वसल्लमले मस्जिदमा उच्चस्वरमा कुरआनको पाठ गर्नुलाई पनि वर्जित गरिदिनु भयो यस कारण कि कदाचित नमाजीहरूलाई कष्ट नपुगोस्, जबकि कुरआनको पाठ गर्नु पूजा हो । त दरूदलाई ठूलो स्वरमा पढनुलाई कसरी जायज भन्न सकिन्छ आफै विचार गर्नुस् ।

प्रष्ट यो भयोकि यो कार्य हाम्रा सदाचारी र निष्ठावान पूर्वजहरूबाट प्रमाणित छैन बरु यसलाई पछिका मान्छेहरूले अविष्कार गरेका हुन् । यसले गर्दा यसबाट टाढा रहनु अति आवश्यक छ । बरु जुन सुकै समय पनि चाहे त्यो अजान पश्चात होस् वा अजानपछि विहान होस् वा बेलुकि मसिनो स्वरमा यसलाई जाप गर्न सकिन्छ यसमा कुनै दोष छैन बरु अति राम्रो र सराहनीय कार्य हो । जस्तोकि हदीसहरूबाट पहिला नै प्रष्ट पारिसकेको छु तर शर्त यो छ कि मसिनो

स्वरमा होस् । र रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो हदीस हेर्नुस् !

अर्थ : हे मानवजाति आफ्नो आत्मा माथि दया गर, तिमीहरू कुनै बहिरो र अदृश्य ( अज्ञानी )लाई गुहार्दैनौं, बरु त्यो त तिमीहरूको साथमा छ र तिम्रो याचना सुनिराखेको छ । ( बुखारी, मुस्लिम )

यसले गर्दा हे भाइ दरूदको लागि ठूलो स्वरमा जाप गर्नु वा सामूहिक तरिकाले यसको आयोजना गर्नु अवैधानिक छ र यो बिदअत हो यसबाट टाढा रहनु नै तपाईंको लागि लाभप्रद सिद्ध हुनेछ ।

यस्तै यी बिदअतीहरू नानाप्रकारका दरूदहरू पनि अविष्कार गरेका छन् र रसूल सल्लल्लाहो अलैहे वसल्लमले सिकाएको दरूदलाई छाडि आफैले बनाएका दरूदको जाप गर्दैछन् र भन्छन् कि हामी त रसूल सल्लल्लाहो अलैहे वसल्लमसित अति प्रेम गर्नेवाला हौं यदि उहाँसित यिनको प्रेम सत्य हुन्थ्यो भने के उहाँको बताएको दरूदलाई त्यागी आफूले बनाएका मिथ्या दरूदको जाप गर्थे, बरु यिनी आफ्नो प्रेमको दावीमा शतप्रतिशत झुठ्ठा छन् । अल्लाहको फर्मान छ :

अर्थ : (हे पैगम्बर ! मानिसहरूसित) भनिदिनुस् कि यदि तिमी अल्लाहलाई प्रेम गर्दछौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीलाई प्रेम गर्नेछ र तिम्रा पापहरूलाई क्षमा गरिदिनेछ र अल्लाह अत्यन्त क्षमा-दान गर्ने दयालु छ । भनिदिनु ! कि अल्लाह र रसूलको आदेश पालन गर । यदि मान्दैनन् भने

अल्लाहले पनि काफिरहरूलाई प्रेम गर्दैन । ( सूरतु आले इम्रान ३१,३२ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : र हेर कुनै मोमिन् पुरुष र मोमिन स्त्रीलाई जब अल्लाहले र उसका रसूलले कुनै कुराको फैसला निर्धारित गरिदिन्छन्, त उनीहरूको यस काममा अन्यथा केही हक बाँकी रहँदैन । जोसुकैले अल्लाह र उसको रसूलको अवज्ञा गर्नेछ, त्यो स्पष्टरूपले मार्ग विचलित भइहाल्यो । ( सूरतुल् अहजाब ३६ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : हे ईमानवालहरू ! अल्लाहको र उसको रसूलको आदेश मान र त्यसबाट विमुख नहोऊ जबकि तिमी-सुनी जानी राखेका छौ । ( सूरतुल् अन्फाल २० )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : भनिदिनुस् किः अल्लाहको आज्ञा पालना गर र रसूलको आदेशको अनुशरण गर । यदि तिमी विमुख हुन्छौ भने रसूलको जिम्मामा त्यति मात्र छ जति उहाँलाई भनिएको छ । र तिमी माथि त्यसको जवाफदेही छ जुन तिम्रो जिम्मामा छ । र यदि रसूलको आदेश अनुसार हिंड्ने छौ भने सिधा मार्ग प्राप्त हुनेछ । र रसूलको जिम्मामा त स्पष्ट रूपले ( आदेशलाई) पुऱ्याइदिने सम्म मात्र हो । ( सूरतुन्नूर ५४ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : हे ईमानवालाहरू ! अल्लाहको आज्ञापालन गर, र रसूलले भनेको मान र आफ्ना कर्महरूलाई नष्ट नपार । ( सूरतु मुहम्मद ३३ )

र यस जस्ता अरु आयतहरू यसकुरा माथि प्रमाण छन् कि रसूलको अवज्ञा गर्नेवाला कदापि सुमार्गी हुनसक्दैन तसर्थ तपाईलाई पनि थाहा भइहाल्यो होला कि यनिीहरू प्रेमको मात्र दावी गर्छन् तर कर्म रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेश पिवरीत नै गर्छन् ।

तात्पर्य यो कि यिनीहरूले यस्ता यस्ता दरूदका शब्दहरू बनाएका छन् जुन नत कुनै हदीसमा छ नत कुनै सहाबा वा ताबईनले त्यसलाई भनेका छन् नत यिनीहरू भन्दा अगाडि कसैले त्यसको जाप गरेका छन् ती मनगढन्ते दरूदहरू मध्ये केहीलाई तपाई पनि हेर्नुस् !

१- अल्लाहुम्मा सल्ले अला मुहम्मदिँवअला आलेही बह्रो अनकारिका वमअ्दनो असरारिक.. ।

२- अल्लाहुम्मा सल्ले अला मन् तफ्तकत मिन् नूरेहील् अजरार.. ।

३- अल्लाहुम्मा सल्ले अला सैयिदिना मुहम्मदिस्साबिके लिल् खलके नूरोहू .. ।

४- अल्लाहुम्मा सल्ले अला मुहम्मदिन् हुवा कुतुबुल् जलालह.. .... । ..... आदि

र यस जस्ता धेरै दरूदहरू यिनीहरूका अगुवाहरूले अविष्कार गरेका छन् जसको कुरआन हदीस र सहाबाको पद्धतिबाट दूरको पनि वास्ता छैन बरु यी दरूदहरूमा बहुदेववादको

प्रेरणा छ । यसले गर्दा यस्ता समस्त मिथ्या दरूदहरूबाट टाढा नै रहनु, र यस्तो शुभ कार्यमा पनि बिदअतलाई मिसाई त्यसलाई बर्बाद नपार्नु । किनकि जुन कार्यमा पनि बिदअतको मिसावट हुन्छ त्यो कार्य निरर्थक भइहाल्छ, र त्यो शुभ कार्य पनि अशुभ भइहाल्छ । र मानछेलाई पुण्यको सट्टा पाप बेहोर्नुपर्छ । तसर्थ रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्ने प्रयत्न गर किनकि त्यही नै उचित मार्ग हो, आफ्नो हवसलाई र कुनै बिदअतीको कथनलाई आफ्नो मार्गदर्शन नबनाई रसूलको पद्धति र उहाँका सत्यवान निष्ठावान साथीहरूको पद्धतिमा हिंड्ने प्रयत्न गर किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : तिमी मध्ये जुन म पश्चात जीवित रहनेछ त त्यो मेरो अनुयायीहरूमा धेरै मतभेदहरू (विवादस्पद कुराहरू) हेर्नेछ अनि सहाबाहरूले भने यस्तो अवस्थाको लागि हामीहरूलाई के सुझाव दिनुहुन्छ, त उहाँले भन्नु भयो: मेरो पद्धतिलाई र मेरा सदाचारी निष्ठावान मार्गदर्शित उत्तराधिकारीहरूको पद्धतिलाई बलपूर्वक समातिराख्नु । ( मुस्तदरक हाकिम, सुनने तिर्मिजी, अबूदाऊद )

त सबै कुरालाई छाडी मात्र अल्लाहको र अल्लाहको निर्देशन तर्फ प्रवृत्त हुनुस् र उहाँले बताएको तरिकालाई नै कार्यन्वयन गर्नुस् । र अल्लाहले यसै कुरालाई प्रष्ट पार्दै भन्नुहुन्छ ।

अर्थ : (हे मोहम्मद !) यो एउटा किताब हो, जुन तपाईमाथि उतारिएको छ, (उद्देश्य यो हो कि) यसबाट डर देखाउने गर्नुस, अतः तपाईको हृदयमा संकीर्णता नहोस् र यो ईमान

ल्याएकाहरूको लागि नसीहत हो । (मानिसहरू ! ) जुन किताब तिमीमाथि तिम्रो पालनकर्ताबाट उतारिएको छ त्यसको अनुशरण गर र आफ्नो रबलाई छोडेर अरु मनगढ़न्ते अगुवाहरूको अनुशरण नगर । अतः तिमीहरू एकदमथोरै उपदेश स्वीकार गर्दछौ । ( सूरतुल अअ्राफ २,३ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : र जब तिनीहरूलाई भनिन्छ कि अल्लाहले उतारेको किताबको अनुशरण गर, त उत्तर दिन्छन् कि (होइन), बरु हामीले त्यसको अनुशरण गर्छौं, जसका हाम्रा पूर्वजहरूले अनुशरण गरेका थिए, यद्यपि तिनका पूर्वजहरू महाअज्ञानी र सही बाटोमा नहिंड्ने भएतापनि तिनीहरू उनीहरूकै अनुशरण गर्ने छन् ? ( सूरतुल् बकरः १७० )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : र जब उनीहरूसित भनिन्छ, “कि त्यस कुराको अनुशरण गर जुन कि अल्लाहले वह्य मार्फत अवतरित गरेको छ”, तब भन्छन् कि “(होइन) बरु हामीले त त्यस कुराको अनुशरण गर्नेछौं, जसमा हामीले आफ्नो बाउ-बाजेलाई पाएका छौं ।” यद्धपि शैतानले उनीहरूलाई नर्कको यातनातिर बोलाउँदछ, (तै पनि?) ( सूरतु लुकमान २१ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : र आदेश यो छ कि यो धर्म मेरो सोझो बाटो हो, तिमी यसैमा हिंड्नु र अन्य मार्गमा न हिंड्नु किनभने त्यसमा हिंडे अल्लाहको मार्गबाट विचलित भैहाल्नेछौं । यसको विशेष

आदेश तिमीलाई अल्लाहले दिएको छ जसबाट तिमी आत्म संयमी बन्नसक । (सूरतुल् अनआम १५३ )

त हे भाइ ! कुनै यस्तो तरिका न अपनाउनु होला जुन इस्लामीय विधान विरुद्ध होस्, नत्र तिम्रो सबै सुकर्म व्यर्थ र खेर जानेछ म एउटा हदीसमा वर्णन गरिएको कथाको उदाहरण दिई आफ्नो कुरालाई विराम दिनेछु बुखारीको एउटा हदीसमा वर्णन छ कि :

अर्थ : तीनजनाको एउटा समूह रसूल सल्लल्लाहो अलैहे वसल्लम कहाँ आएर सहाबाहरूसित सोधे कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको दैनिक कार्य के हो ? त सहाबाहरूले उनीहरूलाई उहाँको दैनिक कार्यबारे बताए, अनि त्यसलाई सुनेर उनीहरूले अति थोरै गुमान गरे, र भन्नथाले: रसूल सल्लल्लाहो अलैहे वसल्लम त पाप मुक्त छन् उहाँको त कुरै नगर्नु तर ती तीन मध्ये एउटाले भन्यो: मत सदैव व्रत नै बस्छु, कहिले पनि खाँदैन (इफ्तार गर्दैन), त आर्कोले भन्यो: मत सदैव नमाज कायम गर्नेछु र रात्रीमा पनि निदाउँदैन, त तेस्रोले भन्यो: म त विवाह नै गर्दैन बरु जीवन भरी ब्रह्मचारी नै रहन्छु । अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई जब उनीहरूको यस कथनको सूचना मिल्यो त उहाँले क्रोधित भई भन्नु भयो : के तिमीहरूले साँच्चै यस्तो यस्तो भनेका हौ ? अनि उनीहरूले स्वीकारे पश्चात उहाँले भन्नु भयो: हे उपस्थित सज्जनहरू म तिमी सबैहरू मध्ये आफ्नो पालनकर्तासित सर्वाधिक डरनेवाला हूँ तर म नमाज पनि कायम गर्छु र सुत्छु पनि, व्रत पनि बस्छु र खान्छु पनि,

र यसको साथ साथै विवाह पनि गर्छु त यो नै मेरो पद्धति हो जसले पनि मेरो यो पद्धतिबाट मुख फर्काउँछ त्यो हामी मध्येको होइन (अर्थात मुसलमान होइन)। ( बुखारी किताबुन् निकाह)

त हे भाइ ! यस हदीसमा विचार गर्नुस् ! के व्रत बस्नु अपराध हो ? के नमाज कायम गर्नु अपराध हो ? कदापि होइन तर यदि त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति र तरिका अनुकूल छैन भने अवश्य अपराध ठहर हुन्छ जस्तोकि हदीसबाट प्रष्ट हुन्छ। र रसूल सल्लल्लाहो अलैहे वसल्लम उनीहरूमाथि यो कारणले क्रोधित भएका थिए कि उनीहरू पूजाको सीमालाई उल्लंघन गर्न खोजेका थिए, यस्तो तरिकाले गर्न खोजेका थिए जुन तरिका रसूल सल्लल्लाहो अलैहे वसल्लमले बताउनु भएका थिएनन्। उनीहरूको कार्य पनि ठीक थियो र उद्देश्य पनि राम्रै थियो तर मात्र कार्य गर्ने शैली र तरिका गलत थियो यसैकारण रसूल सल्लल्लाहो अलैहे वसल्लम क्रोधित भएका थिए।

यसले गर्दा हे भाइ ! दरूद पठाउनु अति उत्तम कार्य हो यसर्थ यसलाई उसै तरिकाले र उनै शब्दको साथ पठाउनु उचित छ जुन तरिका र शब्दलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्ना सहाबाहरूलाई सिकाएका थिए।

त हे भाइ ! यो राम्रो कार्यलाई सुन्नतको तरिकामा गर्ने प्रतिज्ञा गर, र समस्त भ्रमहरूबाट टाढा रहने प्रयत्न गर, किनकि जुन मान्छे पनि पथभ्रमित भयो त्यो कदापि सफल हुनसक्दैन। रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : मान्छेको निष्ठापूर्ण इस्लामको लागि यो अनिवार्य छ कि त्यो ती कुराहरूसित कुनै वास्ता नगरोस् जससित त्यसलाई कुनै मतलब नै छैन । ( तिर्मिजी )

र आर्को हदीसमा छ :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: त्यो कार्यलाई गर्ने प्रयत्न गर जुन तिम्रो लागि लाभप्रद छ । ( मुस्लिम )

त जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति नै होइन त्यसलाई बेवास्ता गरी त्यो तरिका अपनाऊ जुन तिम्रो लागि लाभदायक छ र त्यसैमा सुदृढताको साथ कार्यरत रही आफ्नो सफलताको कामना गर ।

यसर्थ हे भाइ ! जुन प्रमाणित तरिका मैले यस सानो पुस्तकमा वर्णन गरेछु त्यसै अनुसार रसूल सल्लल्लाहो अलैहे वसल्लम माथि दरूद सलाम पठाउने प्रयास गर, समस्त भ्रमलाई छाडी रसूलको पद्धति र निर्देशनको अनुशरण गर । अल्लाहसित दुआ छ कि अल्लाह हामी सबैलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको निर्देशनानुसार उहाँमाथि दरूद र सलाम पठाउने शक्ति र सुअवसर प्रदान गरी हामीलाई आफ्नो कृपाको पात्र बनाउन्, आमीन ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा नि:संतान दाजुभाइ र दिदीबहिनीहरूलाई

संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780-9727649238
00966-0501372254
Email- atiqkhannp1982@yahoo.com